# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, असार २० गते २०५१ साल (संख्या १२

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ३ को सट्टा देहायको अनुसूची ३ राखी हेरफेर तथा थपघट गरेको छः–

अनुसूची ३

(नियम ७ सँग सम्बन्धित)

सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

(क) एग्रि एक्सटेन्सन समूहको लागिः–

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |

९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्रि (कृषि विज्ञान) वा सो सरह उत्तीर्ण वा जे. टी. ए (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(ख) हर्टिकल्चर समूहको लागि:–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्रि (कृषि विज्ञान) वा सो सरह उत्तीर्ण वा जे. टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(ग) फिसरिज समूहको लागिः–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी. ए. (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा. टी. एस. एल. सी. उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण वा जे.टी. ए. (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी.वा टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि) वा बी.एस्सी. (एनिमल साइन्स) वा बी.भी. एस्सी.एण्ड एच.वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्रि) वा एम.भी. एस्सी एण्ड ए.एच.वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(घ) लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूहको लागिः–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल. सी. उत्तीर्ण भई स्टक सुपरभाइजरको तालिम प्राप्त वा जे. टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल.सी. वा टी.एस.एल. सी. वा सो सरह उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) (पशु विज्ञान) वा सो सरह उत्तीर्ण |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | वा जे.टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी एस. एल. सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी (एग्रि) (एनिमल साइन्स वा डेरी साइन्स) वा बी. भी. एस्सी. एण्ड एच. वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(ङ) एग्रोनोमीः–

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) (कृषि विज्ञान) वा सो सरह उत्तीर्ण वा जे. टी. ए. कृषि तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |



१८३

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

| | |
|---|---|
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(च) प्लाण्ट प्रोटेक्सन समूहको लागि:–

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिना तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी (एग्रि) (कृषि विज्ञान) वा सो सरह उत्तीर्ण वा जे.टी. ए (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी, एस्सी (एग्रि) वा प्लान्ट प्याथोलोजी वा एन्टोमोलोजीमा एम. एस्सी. वा सो सरह उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि वा एक तहमाथिको उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(छ) एग्रि इकोनोमिक्स एण्ड एग्रि मार्केटिङ समूहको लागि:-

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी ए. तालिममा पुरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी जे. टी. ए. (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल.सी. वा टी. एस.एल सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण वा जे.टी ए. (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी. एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्रि. इकोनोमिक्स वा एग्रि मार्केटिङ वा एग्रि फाइनान्स विषय लिई बी. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | क्रमसंख्या ५ मा उल्लिखित विषयहरूमध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) स्वायल साइन्स समूहको लागिः–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे.टी.ए.तालिममा पूरा अवधि समावेश भएको । |
| २ राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे. टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण वा जे. टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. वा टी. एस. एल. सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(झ) भेटेरिनरी समूहको लागिः–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे.टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल सी. उत्तीर्ण भई स्टक सुपरभाइजरको तालिम प्राप्त वा जे. टी. ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी. एस. एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) (पशु विज्ञान) वा सो सरह उत्तीण वा जे. टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. भी. एस्सी. एण्ड एच. वा डी.भी.एम. वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(ञ) एग्रि इन्जिनियरिङ समूहको लागिः-

| | |
|---|---|
| १. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सव-ओभरसियर वा सो सरहको तालिम प्राप्त । |
| २. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण । |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्रि इन्जिनियरिङ) वा सो सरह । |
| ४. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ३ मा उल्लिखित विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) फूड न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल समूहको लागिः--

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट घटीमा एक महिने सम्बन्धित विषयमा तालिम प्राप्त । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट घटीमा एक महिने सम्बन्धित विषयमा तालिम प्राप्त । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई जे. टी.ए (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय लिई प्रमाणपत्र वा आई.एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण वा जे. टी. ए. (कृषि वा पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल. सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट फूड टेक्नोलोजीमा बी. टेक. वा फूड साइन्स वा फूड टेक्नोलोजी वा फूड इन्जिनियरिङ वा फूड माइक्रो वायोलोजी वा ह्यूम्यान न्यूट्रिसनको विषयमा एम. एस्सी. वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर वा एक तहमाथिको उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

स्पष्टीकरणः-- यस अनुसूचीको प्रयोजनको लागि मान्यता प्राप्त शिक्षण संस्था भन्नाले लोकसेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था सम्झनुपर्छ ।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

९३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले स्याङ्जा जिल्लाको देहायको चार किल्ला भएको क्षेत्रमा देहायबमोजिमका पदाधिकारी रहने गरी वालिङ नगर विकास समिति गठन गरेको छ।

### चार किल्ला

पूर्व:– केबरे, जगत र धनुवाँसे गाउँ विकास समितिहरू।
पश्चिम:– तीन दोबरे र पेखु बाघखोर गाउँ विकास समितिहरू।
उत्तर:– पेखु बाघखोर गाउँ विकास समिति।
दक्षिण:– पक्वादी र केबरे गाउँ विकास समितिहरू।

### पदाधिकारीहरू

१. सभापति, जिल्ला विकास समिति स्याङ्जा – अध्यक्ष
२. अध्यक्ष, वालिङ गाउँ विकास समिति स्याङ्जा – उपाध्यक्ष
३. श्री अमरलाल कर्माचार्य उपाध्यक्ष वालिङ गाउँ विकास समिति वडा नं. ३ स्याङ्जा – सदस्य
४. श्री कर्णबहादुर श्रेष्ठ, वालिङ गाउँ विकास समिति वडा नं. ३ स्याङ्जा – सदस्य
५ श्री ले. यमबहादुर गुरुङ, वालिङ गाउँ विकास समिति वडा न. ३ स्याङ्जा – सदस्य
६. श्री काजीमान श्रेष्ठ, वालिङ गाउँ विकास समिति, वडा न. ३ स्याङ्जा – सदस्य
७. श्री पदमप्रसाद पाण्डे वालिङ गाउँ विकास समिति वडा नं. ७ स्याङ्जा – सदस्य
८. श्री लोकनाथ सुवेदी वालिङ गाउँ विकास समिति वडा नं. ९ स्याङ्जा – सदस्य



१६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय स्याङजा – सदस्य
१०. स्थानीय विकास अधिकारी जिल्ला विकास समितिको सचिवालय स्याङजा। – सदस्य
११. प्रमुख, जिल्ला खानेपानी शाखा, स्याङजा – सदस्य
१२. प्रमुख, जिल्ला सडक कार्यालय, स्याङजा – सदस्य
१३. प्रमुख, जिल्ला मालपोत कार्यालय, स्याङजा – सदस्य
१४. प्रमुख, जिल्ला वन कार्यालय स्याङजा – सदस्य
१५. प्रमुख, नापी शाखा स्याङजा – सदस्य
१६. प्रमुख, जिल्ला भवन शाखा, स्याङजा – सदस्य–सचिव

द्रष्टव्य:– मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४३ संख्या ३३ मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित महेन्द्रनगर नगर विकास समिति गठन सम्बन्धी यस मन्त्रालयको सूचनाको क्रमसंख्या ४ मा रहेको "मानबहादुर चन्द, महेन्द्रनगर नगरपालिका–सदस्य" को सट्टा बाँकी अवधिको लागि श्रीमती कमला गिरी महेन्द्रनगर नगरपालिका वडा नं. १८ – सदस्य रहने गरी हेरफेर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४३ संख्या ३३ मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित धुलिखेल नगर विकास समिति गठन सम्बन्धी यस मन्त्रालयको सूचनाको क्रमसंख्या ५,७ र ८ को सट्टामा बाँकी अवधिको लागि देहायबमोजिमका सदस्यहरू रहने गरी हेरफेर गरेको छ ।

"५. श्री सिश्रीलाल श्रेष्ठ धुलिखेल, नगरपालिका वडा नं ३ –सदस्य
७. श्री कृष्णगोपाल कोजु श्रेष्ठ, " २ –सदस्य
८. श्री द्वारिकानाथ व्यांजु " ३ –सदस्य"

## सूचना ४

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४३ संख्या ३३ मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित बुटवल नगर विकास समितिमा देहायबमोजिमका सदस्यहरू थप गरेको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८ क. श्री युक्तप्रसाद श्रेष्ठ, बुटवल नगरपालिका वडा नं ६ –सदस्य

१५ क. प्रमुख, स्थानीय विद्युत् प्राधिकरण कार्यालय, बुटवल –सदस्य"

द्रष्टव्य– मनोनीत सदस्यको पदावधि बाँकी अवधिको लागि मात्र हुनेछ ।

## सूचना ५

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारी रहने गरी कन्चनपुर जिल्लाको बेलौरी भन्ने ठाउँमा बेलौरी नगर विकास समिति गठन गरेको छ ।

१. सभापति, जिल्ला विकास समिति, कन्चनपुर –अध्यक्ष

२. अध्यक्ष, श्रीपुर गाउँ विकास समिति, बेलौरी, कन्चनपुर –उपाध्यक्ष

३. श्री देवेन्द्र गिरी, श्रीपुर गाउँ विकास समिति, बेलौरी वडा नं. ४ –सदस्य

४. श्री पुस्कर साउद, " " ४ –सदस्य

५. बलदेव बुडाल, " " ६ –सदस्य

६. श्री मुली राना, " " ३ –सदस्य

७. श्री दिलीप सिंह रावल, " " ६ –सदस्य

८. प्रतिनिधि, (अधिकृतस्तर) जिल्ला प्रशासन कार्यालय, कन्चनपुर –सदस्य

९. प्रतिनिधि, (अधिकृतस्तर) मालपोत कार्यालय, कन्चनपुर –सदस्य

१०. प्रतिनिधि, (अधिकृतस्तर, प्राविधिक) जिल्ला सडक कार्यालय, कन्चनपुर –सदस्य

११. प्रतिनिधि, (अधिकृतस्तर, प्राविधिक) जिल्ला वन कार्यालय, कन्चनपुर –सदस्य

१२. प्रतिनिधि, (अधिकृतस्तर, प्राविधिक) जिल्ला खानेपानी कार्यालय, कन्चनपुर –सदस्य

१३. कार्यालय प्रमुख, स्थानीय विद्युत् प्राधिकरण, कन्चनपुर –सदस्य

१४. प्रमुख, जिल्ला भवन शाखा, कन्चनपुर –सदस्य-सचिव

द्रष्टव्यः– मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड ४१, संख्या ३ मिति २०४८।१।१६ नेपाल राजपत्र भाग ३ मा प्रकाशित बेलौरी नगर विकास समितिको गठन सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रहरीको प्रयोजनको लागि गृह मन्त्रालयको सिफारिशमा प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहायका सामानहरूमा लाग्ने भन्सार तथा बिक्रीकर महसुल छुट दिइएको छ ।

१. प्रहरी पोशाक र सोसँग सम्बन्धित सामानहरू ।
२. शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजारहरू ।
३. हात-हतियार।
४. भीड नियन्त्रणको लागि आवश्यक सामानहरू ।
५. अस्पताल संचालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।
६. प्रहरीले प्रयोग गर्ने संचार सम्बन्धी सामानहरू (संचार मन्त्रालयको सिफारिश बमोजिम)
७. ट्राफिक सम्बन्धी सामानहरू।
८. खेलकुद सम्बन्धी सामानहरू।
९. फिंगर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक सामानहरू ।
१०. अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य सामानहरू ।
११. विस्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने सामानहरू ।
१२. वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू ।
१३. दैवीप्रकोप उद्धार कार्यमा प्रयोग हुने सामान हरू ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी रक्षा मन्त्रालयको सिफारिशमा शाही नेपाली सेनाको लागि पैठारी हुने देहायका सामानहरूमा लाग्ने भन्सार तथा बिक्रीकर महसुल छुट दिएको छ ।

१. सैनिक प्रयोगका खर-खजाना, हात-हतियार, गोलीगठ्ठा, बारूद र तिनका स्पेयर पार्ट्स र एसेसरिज तथा विष्फोटक पदार्थ ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. शाही नेपाली सेनाको सैनिक प्रयोजनका लागि आयात भएका कन्ट्रोल स्टोरका सैनिक सर-सामानहरू– हेलमेट, तुम्लेट, पाल, वाटर प्रुफसिट, कम्बल, मेट्रेस तथा घोडा खच्चरहरू, खेलकुदका उपकरणहरू, सैनिक अस्पतालको लागि आवश्यक फर्निचर तथा सर-सामानहरू, औषधि मेडिकल औजार, उपकरणहरू ।

३. शाही नेपाली सेनाको उपयुक्त निकायको नाममा पैठारी हुने हवाईजहाज, हेलिकप्टर र तिनका पार्टपूर्जा तथा प्यारासुट्स (ब्याग समेत)

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।